# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## सोनाम ल्होछार-२०७८ को शुभकामना ।

आज देश भित्र र बाहिरका समेत विभिन्न मुलुकहरुमा छरिएर रहनुभएका तामाङ समुदायले हर्षोल्लाशपूर्ण वातावरणमा मनाउँने २८५८ औं ताक ल्हो (सोनाम ल्होछार) पर्व हो । यो पर्वलाई पनि हामी हाम्रा अन्य चाडपर्वहरुझैं एउटा महत्वपूर्ण पर्व मान्छौ । तामाङ समुदायले चलाई आएको पञ्चाङ्ग अनुसार आजबाट एउटा वर्ष पूरा भई अर्को वर्ष सुरु भएको छ । यो नववर्ष **'सोनाम ल्होछार'** ले हामी सबैका लागि सुख, शान्ति र समृद्धि ल्याउन सकोस् भन्ने कामनासहित उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

हामी संयौ थुङ्गा फूलका रंगीन बगैंचाका फूलहरु हौं । हामी बहुल जातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक समाजका अभिन्न अङ्ग हौं । अन्य समुदाय सरह तामाङ समुदाय पनि उत्तिकै महत्वपूर्ण अङ्ग हो । यो पर्वले हाम्रो धर्म, संस्कृति, रिती-रिवाज तथा परम्पराको सम्बर्द्धन गर्न महत्वपूर्ण योगदान गर्नेछ भन्ने मलाई दृढ विश्वास छ ।

हाम्रो समाजको मूल चरित्र भन्नु नै विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् बन्धुत्व र पारस्परिक मेलमिलाप हो । हाम्रा यी र यस्तै राष्ट्रिय धरोहरप्रति हामीले गौरवबोध गर्न सक्नुपर्छ । यो पर्वले हामीलाई यसकै लागि प्रेरित गर्नेछ । हाम्रो समाजमा मनाइने चाडपर्वहरु तथा अनुपालना गरिने संस्कृतिहरुले हामीलाई सामाजिक हित, आपसी सम्मान र भाइचाराको प्रबलीकरण गर्न प्रेरित गर्न सकोस् भन्ने पुन: एकपटक शुभकामना व्यक्त गर्दछु ।

**२०७८ माघ १९ गते बुधबार**

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**